७. दरभाउपत्र दिदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक पर्रोहा शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सोको सक्कल भौचर वा बैंकले जारी गरेको सो रकम बरावरको बैंक जमानत दरभाउपत्र साथ राखि यस कार्यालयमा बुझाउनु पर्नेछ।

८. सिलवन्दी दरभाउपत्र पेश गर्दा नगद रकम राखि सिलवन्दी गरेको पाइएमा त्यस्तो दरभाउपत्र स्वतः रद्द हुनेछ।

९. दरभाउपत्र दाताले खाम बाहिर पट्टी ठेक्का नम्वर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ।

१०. कवोल रकम अंक र अक्षरमा स्पष्ट गरि तोकिएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

११. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन।

१२. कुनै व्यक्ति, फर्म वा संस्थाले आफनो नामवाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ।

१३. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ।

१४. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४० प्रतिशतले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ६० प्रतिशत रकम बरावरको ठेक्का सम्झौता अवधि वि.स. २०७७ असारसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिनेछ। दोस्रो किस्ता बाँकी रकमको ४० प्रतिशत २०७७ पुस मसान्तसम्म र तेस्रो वा अन्तिम किस्ता वापतको २० प्रतिशत रकम २०७७ चैत्र मसान्तसम्म जम्मा गरी सक्नु पर्नेछ र सम्झौता गर्नुभन्दा पूर्व अग्रिम एकमुष्ट नगद रकम बुझाएमा १० (दश) प्रतिशत छुट दिइनेछ।

१५. ठेक्कामा कुनै विवाद आएमा सैनामैना नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१६. ठेक्का कवोल गर्ने ठेकेदारले सैनामैना नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणीत नगरेको रसिदबाट कर उठाएको पाइएमा नियामानुसार कारवाही हुनेछ।

१७. विज्ञापन करका दरहरु देहाय बमोजिमको रहेको छ।

| क.स. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | होडिङबोर्ड र फलेक्स बोर्डको २५ वर्गफिट सम्म प्रति वर्गफुट | ५५। | |
| २ | होडिङबोर्ड र फलेक्स बोर्डको २५ वर्गफिट भन्दा माथि प्रति वर्गफुट | ६५। | |
| ३ | डिजिटल बोर्ड, ग्लोबोर्ड र बिधुतिय बोर्ड प्रति वर्गफुट | ८०। | |
| ४ | भित्ते लेखन र सटर पेन्टिङ प्रति वर्गफुट | २५। | |

१८. नगरपालिका क्षेत्रभित्र आफनो पसल, व्यवसाय र उधोगको अगाडि आ आफनो व्यवसायको चिनारीको लागि बाहेकका स्थानहरुमा होर्डिङ बोर्ड, साइन बोर्ड, फलेक्स बोर्ड, डिजिटल बोर्ड, ग्लोबोर्ड, बिधुतिय बोड, भित्ते लेखन र सटर पेन्टिङ जस्ता विज्ञापन सामाग्रीहरु राखेमा उक्त दररेटमा बार्षिक विज्ञापन कर लिन पाइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत